# जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा

प्रदेश नं.२, नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७९/०३/३१)

जीतपुरसिमरा उपमहानगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक-१ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१/२०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धि कम्तीमा ३ महिनाको तालिम लिएको,

२. दरखास्त दिने स्थानः- जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा

३. दरखास्त दिने अन्तिम मितिः- २०७९/०४/१३ गते सम्म

४. आवेदनको दस्तुरः- रु. ५००/- (पाँच सय मात्र)

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क. नागरिकता

ख. न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग. चारित्रिक प्रमाणपत्र

घ. तालिमको प्रमाणपत्र

ङ. अनुभव भए सोको कागजात

च. २ प्रति पासपोर्ट फोटो

७. सेवा सुविधा तथा अन्यः- स्थानीय तहको प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ बमोजिम हुनेछ ।(आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय, यस उपमहानगरपालिकाको वेवसाइटबाट उपलब्ध हुनेछ ।)

चैत कुमार पोखरेल

प्रमुख प्रशासकीय अधिकृत